मितिः २०८०/१२/०७
समयः दिनको २:०० बजे

आज मिति २०८० साल चैत्र महिनाको ०७ गते बुधबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको **एक्काइसौं बैठक** देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थितिः

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | सविता |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री टेकराज पन्थी | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | उपसचिव, अधिकृतस्तर दशौं श्री डण्डपाणी शर्मा | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर सातौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं नारायण पुरी | |
| ६. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ७. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ८. | प्रशासन शाखा | प्रा.स. रामबाबु बस्नेत | |
| ९. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, मालती भण्डारी | |

CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१:- यस नगरपालिका वडा नं. १ अन्तर्गत ओखनी, कुने, बिलाउने र मुलखर्क लगायतका क्षेत्रमा विगतका आ.व.मा सुन्दरीजलदेखी आयोजनास्थल सम्म दुरीको आधारमा हुन आउने ढुवानी भाडा थप गरि दररेट निर्धारण भएकोमा सो भाडादरलाई नै निरन्तरता दिने निर्णय गरियो।

निर्णय नं.२:- यस गोकर्णेश्वोर नगरपालिका अन्तर्गत गोकर्णेश्वर नगर अस्पताल निर्माणको लागि श्री क्रिष्टल कन्सल्टेन्ट प्रा.लि संग परामर्श खरिद कार्यको लागि सम्झौता भई नगर अस्पतालको डिजाइन ड्रइंग लगायत बिस्तृत आयोजना प्रतिवेदन निर्माण भई यस नगरपालिको नगरकार्यपालिकाबाट स्विकृतिको लागि निर्णय भएको। सो सन्दर्भमा मिति २०७९/०९/१७ गतेको स्वास्थ्य मन्त्रालयको पत्रानुसार अस्पताल निर्माणको लागि टेण्डर प्रक्रिया अगाडी बढाऊन अनुरोध भएकोमा यस नगरपालिकाको मिति २०८०/०१/२० को निर्णयानुसार ठेक्का न GOMUN/NCB/W/079-80/10 आह्वान भइ सम्पूर्ण खरिद प्रक्रिया पुरा गरि निर्माण व्यावसायी श्री सुर्य चन्द्र कन्सट्रक्सन प्रा.लि संग मिति २०८०/०५/२७ मा भ्याट सहित रकम रु २०,८८,३७,३०२.४४।- बराबरको सम्झौता भएको। उक्त सन्दर्भमा नगर अस्पताल निर्माण हुने ठाउँमा वन कार्यालयको भवन निर्माण हुने देखिएको र सो कारणले नगर अस्पताल भवन निर्माणस्थल केहि मात्रामा स्थानान्तरण भएकोले माटो कटिंगको मात्रा बढ्न गई भवनको पछाडी पट्टि ( पश्चिम तर्फ) करिब १४मि कटिंग हुने देखिएको, साथै उक्त भागमा मेलम्ची पाइप लाईनको दोस्रो चरणको पानीको पाइपलाइन विस्तार हुन लागेकोले भवनलाई सुरक्षित गर्न सियरवाल लगाउनु पर्ने देखिएको, माटो कटिङ्ग पश्चात उत्तर पश्चिम तर्फ पानीको मुहान भेटिएको र माथि प्रस्तुत कारणबाट हाल गुरुयोजना लगायत भवनको स्ट्रक्क्चरमा केहि संसोधन हुने देखिएकोले तत्कालिन अवस्थामा अनुमान नगरीएको परिस्थितिबाट सिर्जित कारणले हाल स्ट्रक्क्चर डिजाइन लगायत संसोधित लागत अनुमान तयार गर्नु पर्ने देखिएको हुँदा सो विषय परामर्शदाताको सम्झौतामा उल्लेख नभएकोले हालको साईटको अवस्था अनुसार उक्त परामर्शदाताबाटनै आवश्यक परिमार्जन गर्न/ गराउन रकम रु. २,५०,०००।—आ.ब.०८०/८१ को नगरस्तरीय तर्फको सेवा परामर्श शिर्षकबाट खर्च लेखिने गरी बिनियोजन गर्ने निर्णय गरियो। उक्त कारणले गर्दा निर्माण कार्यको ठेक्कामा हुने भेरीएसन आगामी कार्यपालिकाबाट अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नं.३:- गोकर्णेश्वर नगरपालिका वडा नं.९ स्थीत हातेमालो मार्गमा अति आवश्यक भई जडान गरिएको सि.सि. क्यामरा जडानको खर्च रु.३०३६३१/- चालू आ.ब. ०८०/०८१ को सूचना प्रविधिको पूँजिगत तर्फको कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद एवं परिमार्जन शिर्षकबाट खर्च लेखिने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.४:- यस नगरपालिकाको लागि आवश्यक देहायको कार्यविधि पारित गर्ने निर्णय गरियो ।

१) **स्थानीय तहमा कार्यरत कर्मचारीहरुको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि,२०८०**

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.५:- यस नगरपालिकको स्थानीय पाठ्यक्रमको कक्षा एक को पाठ्यक्रमको भिडियो पाठ्यक्रम निर्माण गर्न आ.व.०८०/०८१ को नगरस्तरीय सूचना प्रविधि चालू तर्फको सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्चबाट रु.५,००,०००/- खर्च लेखिने गरी भिडियो पाठ्यक्रम निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं.६:- गोकर्णेश्वर नगरपालिका वडा नं.१ स्थित बराह कर्णेश्वर मन्दिर परिसरमा चौषठ्ठी शिव लिङ्ग राख्न वडा कार्यालयबाट सिफारिस भई आएका वडाकै देहाय बमोजिम शिर्षकबाट खर्च लेखिने गरी रु१०,३०,०००/- उपभोक्ता वा समितिलाई सम्झौता गरी चौषठ्ठी शिव लिङ्ग राख्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | वडा नं. | खर्च लेखिने शिर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ४ | नगरस्तरीयमा राखिएको पूर्वाधार तथा अन्य सार्वजनिक निर्माण तर्फको वडाका सानातिना पुँजिगत खर्च शिर्षक (रु.२७,००,०००/-) बाट | रु.१,५०,०००/- | |
| २ | ५ | वडास्तरीय पूर्वाधार विकासको तर्फको विविध निर्माण तथा मर्मत खर्च शिर्षक (रु.२०,००,०००/-) बाट | रु.३,३०,०००/- | |
| ३ | ६ | वडास्तरीय आर्थिक विकास तर्फको विविध खर्च शिर्षक (रु.८,००,०००/-) बाट | रु.१,५०,०००/- | |
| ४ | ८ | वडास्तरीय सामाजिक विकास तर्फको धर्म संस्कृति रितिरिवाज तथा जात्रा संरक्षण शिर्षक (रु.९,००,०००/-) बाट | रु.१,००,०००/- | |
| ५ | ९ | वडास्तरीय वातावरण तथा विपद व्यवस्थापन तर्फको वडाको भैपरी आउने योजना तथा कार्यक्रम शिर्षक (रु.२७,००,०००/-) बाट | रु.३,००,०००/- | |
| ६ | जम्मा | | रु.१०,३०,०००/- | |

गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.७:- यस नगरपालिका वडा नं. ५ मा स्थायी बसोबास गर्ने Highest Altitude Choreographed Dance on land (pair) 2022 nov. 7 मा गिनिज बुक अफ वर्ल रेकर्डमा नाम राखी सम्माननीय राष्ट्रपतीज्यूबाट समेत सम्मानित भएकी स्थायी बासिन्दा श्री छिरिङ शेर्पाज्यूलाई सगरमाथा हिमाल आरोहणका लागि वडा कार्यालयबाट सिफारिस भएका देहाय बमोजिम शिर्षकबाट खर्च लेखिने गरी र नगरस्तरीयबाट समेत खर्च लेखिने गरी रु.१०,००,०००/- सम्झौता गरी उपलब्ध गराई स्थानीय बासिन्दालाई सगरमाथा आरोहणमा प्रोत्साहन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | वडा नं. | खर्च लेखिने शिर्षक | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ५ | वडास्तरीय सामाजिक विकास तर्फको भैपरी आउने विविध खर्च (रु.१२,००,०००/-) बाट | रु.२,००,०००/- | |
| २ | ६ | वडास्तरीय आर्थिक विकास तर्फको विविध खर्च (रु.८,००,०००/-) बाट | रु.१,००,०००/- | |
| ३ | ८ | वडास्तरीय वातावरण तथा विपद व्यवस्थापन तर्फको वातावरण संरक्षण तथा विपद व्यवस्थापन शिर्षक (रु.१४,००,०००/- बाट | रु.२,००,०००/- | |
| ४ | ९ | वडास्तरीय सामाजिक विकास तर्फको विभिन्न क्लव तथा संघ संस्थाका कार्यक्रमहरु तथा सामाग्री अनुदान शिर्षक (रु.१२,००,०००/-) बाट | रु.२,००,०००/- | |
| ५ | | नगरस्तरीय भाषा धर्म संस्कृति तथा पर्यटन तर्फको स्थानीय जात्रा पर्व धर्म संस्कृति संरक्षण प्रवर्द्धन कार्यक्रम (रु.२०,००,०००/-) बाट | रु.३,००,०००/- | |
| ६ | जम्मा | | रु.१०,००,०००/- | |



CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.८:- आ.व.०८०/०८१ को नगर स्तरीय तर्फ अति आवश्यक भई देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु, बजेट र कार्यक्रका नाम संशोधन गरी संचालन गर्ने निर्णय गरियो ।

देहायः

| क.स. | साविक योजना तथा कार्यक्रम | संशोधित योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | नगरस्तरीय भाषा धर्म संस्कृति तथा पर्यटन तर्फको वडा नं.४ गुसि गणेश मन्दिर संचालन व्यवस्थापन/ नित्य पुजा (रु.३,००,०००/-) | वडा नं.४ गुसी गणेश मन्दिरको पाटीमा ट्रष्ट बनाउने | रु.२,००,०००/- | रु.१,००,०००/- साविककै कार्यक्रममा खर्च |
| २ | नगरस्तरीय आर्थिक विकास तर्फको च्याउ कृषक समूहलाई कोल्डरुम स्थापना र डल्ले च्याउ खेतीलाई हाइटेक प्रविधि प्रवर्द्धन (५०% अनुदानमा) रु.२५,००,०००/- | च्याउ कृषक समूहलाई कन्य च्याउ प्रर्बद्धन (५०% अनुदानमा) | रु.२५,००,०००/- | |
| ३ | नगरस्तरीय संस्थागत अनुदान तर्फको बालसन्त गुरुकुल शंखमुल काठमाडौं संचालन व्यवस्थापन (रु.५,००,०००/- | श्री जगदगुरु आदर्श संस्कृत गुरुकुलम श्री जगतगुरु आश्रम,शंखमुल श्री जगदगुरु आश्रम एवं जगत नारायण मन्दिर व्यवस्थापन तथा संचालन समितिलाई | रु.५,००,०००/- | |
| ४ | नगरस्तरीय भाषा धर्म संस्कृति तथा पर्यटन तर्फको गोकर्ण संस्कृति संरक्षित क्षेत्र विकास समिति (जात्रा/पर्वका लागि)रु.२५,००,०००/- | गोकर्ण संस्कृति जात्रा पर्वकालागि | रु.२५,००,०००/- | |



CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.९:- आ.ब.०८०/०८१ को नगरस्तरीय भाषा धर्म संस्कृति तथा पर्यटन तर्फको स्थानीय जात्रा पर्व धर्म संस्कृति संरक्षण प्रवर्द्धन कार्यक्रमबाट र नगरस्तरीय प्रशासन योजना तथा अनुगमन र आर्थिक प्रशासन तर्फको विविधबाट खर्च लेखिने गरी आवश्यक रहेको देहाय बमोजिमका कार्यक्रमहरु सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | नेपाल कल्चर एण्ड फिल्म सेन्टर, काठमाडौं मार्फत पाँचौं नेपाल कल्चरल अन्तराष्ट्रिय फिल्म फेस्टिभल कार्यक्रमलाई | रु.५,००,०००/- | विविधबाट खर्च लेखिने गरी |
| २ | वडा नं.८ बेसीगाउँ स्थित छहारी युवा क्लव मार्फत स्थानीय जात्रा पर्व कार्यक्रम गर्न अनुदान उपलब्ध गराउने | रु.४,००,०००/- | स्थानीय जात्रा पर्व धर्म संस्कृति संरक्षण प्रवर्द्धन कार्यक्रमबाट |
| ३ | २०८१ बैशाख ४ मा पर्ने चैते दशैंको अवसरमा हुने चामुण्डा देवि, गणेश र महाँकाल भैरवको रथ यात्रा तथा जात्रा पर्वका लागि महाँकाल भैरव संरक्षण संस्थालाई | रु.२,००,०००/- | " " |
| ४ | अच्युतराम भण्डारी संगीत प्रतिषठान मार्फत गोकर्णेश्वर सङ्गित समारोह २०८१ आयोजनाका लागि | रु.३,००,०००/- | " " |
| ५ | सकारात्मक सोच तथा लागू पदार्थ विरुद्द जनचेतनामुलक कार्यक्रम, | रु.२,००,०००/- | " " |

निर्णय नं.१०:- आ.ब.०८०/०८१ को नगरस्तरीय स्वास्थ्य प्रवर्द्धन तर्फको असाध्यरोग अनुदान तथा विपन्न नागरिक स्वास्थय उपचार शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिम विपन्न नागरिकहरुको उपचार खर्च भुक्तानी गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | नामथर | बजेट | कैफियत |
|---|---|---|---|
| १ | नगर प्रहरी प्रमिला घिसिङ्ग उपचार खर्च | ५०,०००/- | |
| २ | सहायक स्तर चौथो नानिकृष्ण श्रेष्ठ उपचार खर्च | ५०,०००/- | |
| ३ | नेपाल अर्थोपेडिक अस्पताललाई नुर्वु शेर्पाको उपचार खर्च | ७५,७१७/- | |



CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.११:-आ.ब.०८०/०८१ को नगरस्तरीय नगर उपप्रमुख कार्यक्रमबाट खर्च लेखिने गरी देहाय बमोजिमका चालू एवं पूँजिगत योजना तथा कार्यक्रम सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

देहाय :

| क.स. | योजना तथा कार्यक्रम | वडा नं | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.३ को नयाँ नापी गर्न | ३ | रु.२०,००,०००/- | |
| १ | नमुना बस्ति टोलमा यात्रु प्रतिक्षालय निर्माण | ३ | रु.२,००,०००/- | |
| २ | बु.न.पा.२ चपली स्थीत नेपाल राष्ट्रिय तामाङ घेदुङको निर्माणाधिन भवनको वायरिङ तथा रङ्गरोगन | | रु.२,५०,०००/- | |
| ३ | शिर्जनशिल तयारी उद्योगद्वारा तन्ना बुन्ने तालिम | ८ | रु.२,००,०००/- | |
| ४ | नेपाल सोतोकान कराँते डो संघद्वारा आयोजना हुने खुल्ला कराँते प्रतियोगिता | | रु.३,००,०००/- | |
| ५ | श्री नित्यनाथ बाँसुरी खललाई ख्यागको पोशाक बाँसुरी बजाउनेलाई पोशाक लाखेको पोशाक | ४ | रु.२,००,०००/- | |
| ६ | नेवारी परिकारहरु बनाउने प्रशिक्षण र सामाग्री खरिद | ४ | रु.३,००,०००/- | |
| ७ | बस्नेतटोलमा ढल प्रशोधनकेन्द्र सरसफाई तथा व्यवस्थापन गर्न | ३ | रु.२,००,०००/- | |
| ८ | टोठा सँस्कृति खल बाध्यबादन सामाग्री खरिद | ३ | रु.१,०९,०००/- | |
| १० | नेपाल महिला तथा बालसेवा समाजद्वारा संस्थामा आश्रित बालबालिकाहरुलाई मनोपरामर्श तालिम | ८ | रु.२,००,०००/- | |
| ११ | ससरिषि महिला कृषक समूहद्वारा अचार बनाउने तालिम | ३ | रु.२,००,०००/- | |
| १२ | प्रगती महिला समूह ४ महिने एड्भान्स बुटिक कोर्ष तालिम | ८ | रु.५,००,०००/- | |

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१२:- आ.ब. ०८०/०८१ को नगरस्तरीय पूर्वाधार तथा अन्य सार्वजनिक निर्माण तर्फकी भैपरी आउने शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

देहायः

| क्र.स. | वडा नं. | योजना तथा कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | ४ | उत्तरवाहिनी योग भवन निर्माण | रु.१०,००,०००/- | |
| २ | ४ | वडा नं.४ स्थित चपालेमा रहेको ढुङ्गेधारा निर्माण | रु.५,००,०००/- | |
| ३ | ४ | पुरानो नगर अस्पताल देखि नयाँ नगर अस्पताल जाने बाटो स्तरोन्नती | रु.२,९५,०००/- | |
| ४ | २ | नयाँपाटी बचत सहकारीबाट पूर्व राजन तिमिल्सिनाको घरदेखि खेन्दो ओमलामाको घरउत्तरपट्टी सम्म ढल तथा बाटो स्तरोन्नती | रु.६,००,०००/- | |
| ४ | ५ | खानेपानी वडा नं.५ बराल पेट्रोल पम्म र वर्गर हाउस गल्ली सम्म | रु.९,४५,९५२/- | |
| ५ | ८ | खानेपानी वडा नं.८ मुक्तीनाथ मार्ग क्षेत्रमा | रु.९,८६,५६१/- | |
| ६ | ४ | खानेपानी वडा नं.४ घट्टेखोला पुलबाट बस्नेत गाउँ र टोठाडोल | रु.९,०३,२५२/- | |
| ७ | ४ | खानेपानी वडा नं.४ नोहकिल डोचा जाने बाटो | रु९,९७,८२४/- | |
| ८ | ५ | भुत्तेपोखरी देखि एट्लान्टिक स्कुल सम्म खानेपानी | रु.३,००,०००/- | |
| ९ | ६ | साँग्रिला स्कुल पश्चिम घ्युल्सा मार्गमा ढल मेन होल कभर तथा बाटो ढलान गर्न | रु.७,००,०००/- | |
| १० | ४ | तालिन्चोक लिना थापाको घर मुनी पहिरो रोकथाम वाल निर्माण | रु.७,००,०००/- | |

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१३:- स्वास्थ्य संस्थाहरुकोलागि उपलब्ध गराइएको आवश्यक औषधी खरिदको लागि आ.व.०८०/८१ मा विनियोजित रकमबाट अपुग भएकोले देहायका शिर्षकबाट खर्च लेखिने गरी रु. २५,००,०००/- भुक्तानी गर्ने निर्णय गरियो ।

देहायः

| क.स. | खर्च लेखिने शिर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १ | नगरस्तरीय स्वास्थ्य प्रवर्धन तर्फको प्रयोगशाला सामाग्री/केमिकल खरिद (रु.२०,००,०००/-)बाट | रु.५,००,०००/- | |
| २ | नगरस्तरी प्रशासन योजना तथा अनुगमन र आर्थिक प्रशासन तर्फको जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि कार्यक्रम (रु.१०,००,०००/-) बाट | रु.१०,००,०००/- | |
| ३ | नगरस्तरीय प्रशासन योजना तथा अनुगमन र आर्थिक प्रशासनं तर्फको खाद्यान्न (रु.२०,००,०००/- बाट | रु.७,००,०००/- | |
| ४ | नगरस्तरीय प्रशासन योजना तथा अनुगमन र आर्थिक प्रशासन तर्फको पुस्तक तथा सामाग्री खर्च (रु.१५,००,०००/-) बाट | रु.३,००,०००/- | |
| ५ | जम्मा | रु.२५,००,०००/- | |

निर्णय नं.१४:- नगरपालिकाले आफ्नो क्षेत्रको सडक तथा सडक फुटपाथहरुमा ठेलागाड तथा साइकल व्यवसायीहरुलाई निषेध गरिसकेको हुनाले उक्त निषेधको अवज्ञा गरी व्यावसाय गरेको पाइएमा संचालन गर्न नपाउने गरी देहाय बमोजिम जरिवाना तथा कार्वाही गर्ने निर्णय गरियो ।

देहायः

१) निषेधको अवज्ञा गरी व्यावसाय गरेको पाइएमा प्रथपम पटक साइकल व्यावसायीलाई रु.३,०००/- जरिवाना गरी सामान फिर्ता गर्ने र ठेलागाडालाई रु.५,०००/- जरिवाना गरी सामान फिर्ता गर्ने ।

२) निषेधको अवज्ञा गरी व्यावसाय गरेको पाइएमा दोश्रो पटक साइकल व्यावसायीलाई रु.५,०००/- जरिवाना गरी सामान फिर्ता गर्ने र ठेलागाडालाई रु.८,०००/- जरिवाना गरी सामान फिर्ता गर्ने।

३) तेस्रो पटक पनि निषेधको अवज्ञा गरी व्यावसाय गरेको पाइएमा सामान जफत गरी कानुनी कार्वाही प्रकृयामा जाने ।



CamScanner

## गोकर्णेश्वर नगरपालिकाको मिति २०८०/१२/०७ गतेको २१औं कार्यपालिका बैठकको निर्णय

निर्णय नं.१५:- आ.ब.०८०/०८१ को आर्थिक विकास अन्तरगत व्यावसायिक उत्पादन कार्यक्रम बालि तथा बालि संरक्षण तर्फको तरकारीको मिनिकिट वीउ वितरण (बर्षे/हिउँदे) रु.३,००,०००/- लाई संशोधन गरी यसै शिर्षकबाट खर्च लेखिने गरी कृषि प्रविधि र समृद्धिका लागि सकारात्मक भाष्य निर्माण गर्ने उद्धेश्यले प्रतिष्पर्धात्मक शैलीमा रियालिटि शो कार्यक्रम (Reality Game Show) र (Revolutionary Agriculture war- RAW) का लागि E. SQUARE PVT. LTD. संग सम्झौता गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६:- यस नगरपालिकाको विपद सम्बन्धी काम कारवाही, योजना र कार्यक्रम सम्बन्धमा निर्णय तथा कार्यान्वयन गर्न/गराउन नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको संयोजकत्वमा देहाय बमोजिमको ११(एघार) सदस्यीय नगरस्तरीय विपद व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो ।

### गोकर्णेश्वर नगरपालिका नगरस्तरीय विपद व्यवस्थापन समिति

| | |
|---|---|
| १) नगर प्रमुख- | संयोजक |
| २) नगर उप प्रमुख- | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| ४) वातावरण तथा विपद व्यवस्थापन (विषयगत) समिति संयोजक- | सदस्य |
| ५) प्रशासन शाखा प्रमुख- | सदस्य |
| ६) लेखा शाखा प्रमुख- | सदस्य |
| ७) योजना शाखा प्रमुख- | सदस्य |
| ८) स्वास्थ्य शाखा प्रमुख- | सदस्य |
| ९) प्राविधिक शाखा प्रमुख- | सदस्य |
| १०) नगर प्रमुखज्यूले तोकेको ईन्जिनियर- | सदस्य |
| ११) वातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख- | सदस्य सचिव |